# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३२९ | काठमाडौं | मंगलबार, १२ चैत २०८१ | Prabhab National Daily | Tuesday, March 25, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९




# प्रधानमन्त्री र ऊर्जामन्त्रीको स्वार्थमा हटाइए कुलमान

- हितेन्द्रलाई बनाइयो नयाँ कार्यकारी
- सरकारका प्रवक्ता गुरूङले लुकाए मन्त्रिपरिषद्को निर्णय

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ हटाएको छ। सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई हटाउने निर्णय गरेको हो। प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री दीपक खड्काको स्वार्थअनुकूल काम नगरेका कारण घिसिङ हटाइएका हुन्।

१८ घण्टा लामो लोडसेडिङबाट देशवासीलाई मुक्त गरेर 'उज्यालो नेपालका नायक'का रूपमा लोकप्रिय बनेका कुलमानलाई सोमबार बसेको मन्त्रिपरिषद् बैठकले हटाउने निर्णय गरेको एक मन्त्रीले बताए। उनको ठाउँमा प्रधानमन्त्री ओलीको नातामा साला पर्ने हितेन्द्रदेव शाक्यले नियुक्ति पाएका छन्।

सरकारले हटाउने निर्णय गर्दैगर्दा कुलमान भने चेपाङ बस्ती रहेको मकवानपुरको दुर्गम गाउँ खैराङमा थिए। 'चेपाङलाई बिजुली कार्यक्रम'अन्तर्गत चेपाङ परिवारका घरघरमा बिजुली बालेर उज्यालो बनाइरहँदा उनी पदमुक्त भए।

यद्यपि, सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले कुलमानलाई नहटाएको दाबी गरे। मन्त्रिपरिषद् बैठकपछि बाहिरिँदा पत्रकारहरूले कुलमान घिसिङलाई हटाइयो भन्ने खबर छ नि भन्दा उनले भने, 'कसले कुलमान घिसिङले भन्या? खै हाम्रो सरकारलाई त थाहा छैन।'

कुलमानलाई हटाएर प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गरेका शाक्यलाई यसअघि पनि प्रधानमन्त्री छँदा ओलीले कार्यकारी निर्देशक नियुक्त गरेका थिए। फेरि सोही जिम्मेवारीमा उनको नियुक्ति भयो। कुलमानलाई हटाउन सरकारले पटक-पटक स्पष्टीकरण सोध्दै आएको थियो। ऊर्जामन्त्री खड्काले कुलमानले सरकारलाई नटेरेको भन्दै पाँचौंपटकसम्म बयान लिए। बयानको क्रममा कुलमानले भने आफूलाई यसअघि सोधिएको स्पष्टीकरण के कति कारण चित्तबुझ्दो भएन भन्दै ऊर्जामन्त्री खड्कालाई नै प्रतिप्रश्न गर्दै आएका थिए। उनले स्पष्टीकरणमा आधार र कारण नखुलेकाले थप पुस्टयाइँ पेस गर्ने अवस्था नरहेको पनि बताउने गरेका थिए।

त्यहीबीच गत पुस २८ मा घिसिङले बुझाएको स्पष्टीकरण चित्त नबुझेको भन्दै मन्त्री खड्काले फागुन १३ गते मन्त्रीस्तरीय निर्णयबाट नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको पदबाट किन नहटाउने भन्दै दुई बुँदे स्पष्टीकरण सोधेका थिए। अन्ततः कुलमानलाई ओली सरकारले हटाएको छ। उनलाई हटाउनुको पहिलो कारण उद्योगीको विद्युत् बक्यौता उठाउन खोज्नुलाई मानिएको छ। लोडसेडिङको बेला २४ घण्टासम्म विद्युत् प्रयोग गरेका केही ठूला उद्योगीले अझै प्रिमियम बक्यौता तिर्न मानेका छैनन्। कुलमान कुनै पनि हालतमा बक्यौता असुल गर्नुपर्ने पक्षमै थिए। प्रधानमन्त्री ओली र ऊर्जामन्त्री खड्का भने उद्योगीको पक्ष लिएर बक्यौता असुलमा अवरोध गर्दै आएका थिए। तर, कुलमानले उद्योगीलाई बक्यौता छुट दिन नमानेपछि सरकारले उनलाई हटाएको टिप्पणी भइरहेको छ।

दोस्रो कारणको रूपमा ऊर्जामन्त्री खड्काको स्वार्थअनुसार कर्मचारी सरुवा गर्न घिसिङले सहयोग नगर्नुलाई लिइएको छ। मन्त्री खड्का प्राधिकरणमा आफूअनुकूल कर्मचारी सरुवा गर्न गत साउनदेखि नै चाहन्थे। तर, कुलमानले त्यसका लागि सहयोग नगर्दा उनी कुलमानलाई हटाउन कम्मर कसेर लागेका थिए।

क्रमशः पृष्ठ २ मा

## 'दुईतिहाइ बहुमतको दम्भ'



नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएको निर्णयको आलोचना गरेका छन्। उनले उक्त निर्णय गलत र आपत्तिजनक भएको बताएका छन्। उनले आक्रोशित हुँदै फेसबुक पेजमा लेखेका छन्, 'दुईतिहाइ बहुमतको दम्भमा गरिएको यो निर्णयप्रति घोर निन्दा गर्दछु।'

कुलमानलाई हटाएको खबर सञ्चारमाध्यमबाट थाहा पाएको भन्दै दाहालले बाँकी बक्यौता जनताको पैसा हो भन्दै उठाउन खोज्ने उनलाई हटाउन यसअघि पटकपटक स्पष्टीकरण लिएर सरकारले अन्याय गरेको बताए। आफूले देशले लोडसेडिङ खेपीरहेका बेला ऊर्जाविज्ञको रूपमा प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गरेको स्पष्ट पारेका छन्। उनै घिसिङको विज्ञता, क्षमतासँगै आफू नेतृत्वको सरकारको प्रयासबाट उज्यालो नेपाल अभियान सफल बनाएको दाबी गरेका छन्।

कुलमान हटाउने सरकारको निर्णयप्रति सत्तारुढ दलकै नेताहरूले विरोध जनाएका छन्। नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले फेसबुक पेजमा लेख्दै विरोध जनाएका हुन्। अन्य दलका नेताहरूले पनि विरोध जनाएका छन्। स्थानीय जनता भने उक्त निर्णयबाट थप आक्रोशित बनेका छन्।

# कांग्रेस नेताहरु सरकारसँग असन्तुष्ट


डा. शेखर कोइराला


एनपी साउद


भीष्मराज आङ्देम्बे

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका नेताहरू आफ्नै सरकारसँग असन्तुष्ट बन्न थालेका छन्। कांग्रेस सभापति शेरबहादुर देउवा समूहकै पदाधिकारीबाटै सरकारको विरोध सुरु भएको छ।

सोमबार कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले देउवाकै अघि असन्तुष्टि पोखे। 'हामी सबैलाई थाहा छ। अहिले सबैभन्दा ठूलो दुई दलको सरकार छ। सभापतिजी सधैं भन्नुहुन्छ- हाम्रो पार्टी सरकारमा छ नि यार,' सहमहामन्त्री आङ्देम्बेले भने, 'हाम्रो सरकार हुँदा पनि हामीले किन अनुभूति गर्न पाएनौं त?'

निर्माण व्यवसायीको भेलामा ललितपुरको सानेपामा आयोजित कार्यक्रममा आङ्देम्बेले प्रश्न गरेपछि भेलामा उपस्थितले उनलाई जोडदार समर्थन गरेका थिए। सभापति देउवाले भने उनको प्रश्नमा कुनै सम्बोधन गरेनन्।

यद्यपि, कांग्रेसभित्र सरकार विरोधी स्वर बलियो हुँदै गएको छ। शुक्रबार कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले सरकारको खुलेर विरोध गरेका थिए। कांग्रेसको समर्थनमा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले केही काम नगरेको कोइरालाको दाबी थियो। 'सरकार बनाउँदा सात बुँदे सम्झौता गर्नुभयो। प्रधानमन्त्रीले रोस्ट्रममै उभिएर भन्नुभयो। संविधान पुनरवलोकन गर्ने भन्ने कुरा छ। तर एउटा पनि काम भएको छैन,' कोइरालाले भने, 'जनता यसै निराश भइरहेका छन्। जनतामा रहेको वितृष्ण हटाउनुपर्छ।'

बत्तीसपुतलीको अनुपम फुडल्यान्डमा कोइरालाले कांग्रेस मियो बन्न छाडेर अरु पार्टीको पुच्छर भएकोसमेत बताए। 'कांग्रेस मियो बन्नुपर्थ्यो। कांग्रेस एमालेको पछि लागिरहेको छ। कहिले माओवादीको पछि लागिरहेको छ। जनताले त विश्वास गर्छ नेपाली कांग्रेसलाई तर मियो बन्नुपर्‍यो नि,' कोइरालाले भने। कोइराला समूहबाट यो सरकारमा बद्री पाण्डे, रामनाथ अधिकारी र तेजुलाल चौधरी मन्त्री छन्। तीनै मन्त्रीले पनि कार्यसम्पादनमा खासै प्रभावकारी काम गर्न नसकेको कोइराला आफैंले बताउँदै आएका छन्।

यता देउवा गुटबाटै केन्द्रीय सदस्य बनेका एनपी साउद पनि पछिल्लोपटक सरकारको आलोचनामा उत्रने नेतामा पर्छन्। शुक्रबार उनले सरकारको कटु आलोचना गरेका हुन्। 'आज संविधान संशोधनको बाटोमा पनि दुईतिहाइको सरकारले पहिलो पाइला पनि चाल्न सकेको छैन,' पूर्वपरराष्ट्रमन्त्रीसमेत रहेका साउदले भने, 'सत्तारुढ गठनबन्धकै तर्फबाट पनि संविधानका केही एजेण्डाहरू बाहिर ल्याउने काम हामीले गर्न सकेका छैनौं।' सरकार गठनका बेला कांग्रेस-एमालेले सात बुँदे सहमतिपत्रमा 'काइते' शैलीमा संविधान संशोधन उल्लेख गरेको साउदको दाबी थियो।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# गरिबी घटाउन 'रेमिट्यान्स' ले सघाएको विश्व बैंकको निष्कर्ष

## श्रमिकको लागत घटाउने र लाभ बढाउनेतर्फ केन्द्रित हुन सुझाव

■ ममता थापा




**काठमाडौं-** नेपालले गरिबी न्यूनीकरणमा हासिल गरेको सफलतामा वैदेशिक रोजगारीको ठूलो भूमिका रहेको विश्व बैंकले औंल्याएको छ। वैदेशिक रोजगारीमा गएकाहरूले भित्र्याएको विप्रेषण (रेमिटयान्स)ले यसमा योगदान गरेको विश्व बैंकले सोमबार सार्वजनिक गरेको एक प्रतिवेदनले देखाएको छ।

'विश्व बैंकको नेपाल राष्ट्रगत आर्थिक परिदृश्यः नेपालमा आर्थिक वृद्धिको सम्भावना उजागर' शीर्षकको प्रतिवेदनअनुसार रेमिट्यान्सले सन् २०११ देखि सन् २०२३ को बीचमा गरिबी न्यूनीकरणमा ३० प्रतिशत सघाएको देखिएको छ। वैधानिक बाटोबाट नेपालमा बर्सेनि १४ खर्ब रूपैयाँको हाराहारीमा रेमिटयान्स भित्रिँदै आएको छ। सन् २०२३ सम्म रेमिटयान्सले नेपालको कूल गार्हस्थ उत्पादनको लगभग एक चौथाइ अर्थात् २५ प्रतिशत हिस्सा ओगटेको देखिएको प्रतिवेदनमा उल्लेख छ। यसले अर्थतन्त्रलाई दिगो बनाउन र धेरैलाई गरिबीबाट बाहिर निकाल्न महत्त्वपूर्ण भूमिका खेलेको औंल्याइएको छ।

भविष्यमा सुदृढ आर्थिक वृद्धि हासिल गर्न नेपालले आन्तरिक अवसरहरूलाई खुला गर्ने नीतिगत कदमहरूलाई प्राथमिकता दिनुपर्ने सुझावसमेत प्रतिवेदनले दिएको छ। उक्त प्रतिवेदन सार्वजनिक गर्ने क्रममा मल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक डेभिड सिस्लेनले गरिबी न्यूनीकरणमा नेपालको सफलता उल्लेखनीय भए पनि मुलुकको आर्थिक सम्भावना अझै पूर्णरूपमा उपयोग हुन नसकेको बताए। 'नेपालसँग आप्रवासनको प्रतिफल वृद्धि गर्ने, निर्यात बढाउने, जलविद्युत्को कुशलतापूर्ण उपयोग गर्ने र डिजिटलीकरणलाई प्रवर्द्धन गर्नेजस्ता सुधारमार्फत मजबुत आर्थिक वृद्धि हासिल गर्नसक्ने प्रशस्त सम्भावना छ,' सिस्लेनको भनाइ छ।

### सात प्रतिशतभन्दा बढी जनसंख्या वैदेशिक रोजगारीमा

मुलुकमा रोजगारीको अवसर सीमित हुँदा युवा श्रमिकहरू वैदेशिक रोजगारीमा जान बाध्य रहेको प्रतिवेदनमा उल्लेख छ। सन् २०२१ सम्म मुलुकको ७.५ प्रतिशत जनसंख्या रोजगारीका लागि विदेसिएको देखिएको छ। हाल दैनिक दुई हजारभन्दा बढी युवा रोजगारीका लागि विभिन्न मुलुक पुग्छन्। गत आर्थिक वर्ष २०८०/८१ मा सात लाख ४१ हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा गएका थिए। विश्व बैंकको प्रतिवेदनअनुसार अधिकांश अदक्ष श्रमशक्ति खाडी मुलुक र मलेसिया गएका छन्।

विश्व बैंकले आप्रवासन (वैदेशिक रोजगारी)बाट नेपालले उठाउन सक्नेजति लाभ उठाउन नसकेको औंल्याएको छ। अहिले पनि वैदेशिक रोजगारी जिविकोपार्जनकै लागि सीमित हुँदा यसबाट पर्याप्त लाभ लिन नसकिएको बताइएको छ। व्यवस्थित र समावेशी संस्थागत आप्रवासन प्रणालीले आप्रवासनबाट थप लाभ हासिल गर्न मद्दत गर्ने विश्व बैंकको भनाइ छ।

क्रमशः पृष्ठ २ मा


**जनहितमा जारी सन्देश**

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं। दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमश:

## प्रधानमन्त्री...

अर्को कारण भने सोलार टेण्डरलाई मानिएको छ। प्राधिकरणले सार्वजनिक खरिदमार्फत भटाभट ९६० मेगावाट सोलार विद्युत् किन्ने गरी गत २७ कात्तिकमा ६४ कम्पनीलाई छनोट गरेको थियो । ती कम्पनीहरूसँग २५ वर्षका लागि विद्युत् खरिद-बिक्री सम्झौता गर्ने तयारी प्राधिकरणको छ । त्यसका लागि विद्युत् विकास विभागबाट लाइसेन्स लिएर प्राधिकरणसँग पिपिए गर्न ती कम्पनीहरू जानुपर्छ । मन्त्री खड्का उक्त टेण्डर रद्द गरेर पुनः टेण्डर गरी आफ्नाअनुकूलका कम्पनी छनोट गर्न चाहन्थे । तर, कुलमानले उनको स्वार्थ पूरा गरेनन् । यसपछि पनि उनी कुलमानसँग रिसाएका थिए ।

अर्को कारण, वार्षिक सवा खर्ब रूपैयाँभन्दा बढी आम्दानी गर्ने प्राधिकरणले जलविद्युत् उत्पादन, प्रसारण, वितरणलगायतमा वार्षिक अर्बौं रूपैयाँका ठेक्काहरू आह्वान गरिरहेको हुन्छ। त्यसमा ऊर्जामन्त्री खड्काले हालीमुहाली गर्न पाएनन् । त्यही भएर पनि कुलमानलाई हटाएर खड्का अनुकूल पात्रलाई प्राधिकरणको नेतृत्वमा ल्याउन चाहन्थे ।

यसबाहेक अर्को कारणको रूपमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) मा हालीमुहाली गर्न नपाउनु । कोटा सकिएसँगै प्राधिकरणले नदी प्रवाहमा आधारित जलविद्युत् परियोजनासँग विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्न सकेको छैन। मन्त्री खड्का भने पिपिए खुलाएर व्यक्तिगत स्वार्थ पूरा गर्ने योजनामा छन्। कुलमान मन्त्री खड्काका स्वार्थ पूरा गर्न तयार भएनन्। सोही कारण पनि खड्का कुलमानविरुद्ध उभिएको बताइन्छ।

ठूला परियोजनाका टेण्डरमा हालीमुहाली गर्न नपाउनुलाई पनि कुलमान हटाउनुको कारणको रूपमा लिइएको छ । हुन पनि प्राधिकरणको नेतृत्वमा निर्माण हुने १०६३ मेगावाटको माथिल्लो अरुण, ६७० मेगावाटको दूधकोशीलगायतका ठूला परियोजना अब निर्माणमा जाने तयारीमा छन्। खर्बौं लागत भएका यस्ता आयोजनाको टेण्डरमा पनि ऊर्जामन्त्री खड्काले हालीमुहाली चाहेका छन् । १९०२ मेगावाटको मुगु कर्णाली र ४५४ मेगावाटको किमाथांका अरुण परियोजना पनि निश्चित व्यापारिक समूहलाई दिलाउन मन्त्री खड्काले चाहेका छन् । तर, कुलमान प्राधिकरणको कार्यकारी निर्देशक छँदा उनले व्यापारिक समूहलाई दिन सकेनन्। यसपछि कुलमानलाई हटाउन मन्त्री खड्काले जोडबल गरिरहे ।

कुलमानको नेतृत्वमा जहिल्यै घाटामा रहेको प्राधिकरण निरन्तर नाफामा गएको थियो । आठ वर्षअघि ३४ अर्ब ६१ करोड रूपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण अहिले ४७ अर्ब ४१ करोड रूपैयाँ सञ्चित नाफामा छ। यसमा चालु आर्थिक वर्षको नाफा समायोजन गर्न बाँकी नै छ । चालु आर्थिक वर्षको छ महिना (साउनदेखि पुससम्म) ११ अर्ब ३६ करोड नाफा कमाएको छ ।

उनी नै कार्यकारी निर्देशक छँदा १८ घण्टासम्म भइरहेको लोडसेडिङ अन्त्य भयो। २०७३ कात्तिकमा घरायसी र ०७५ वैशाखमा औद्योगिक क्षेत्रमा लोडसेडिङ अन्त्य भएको थियो । त्यही भएर उनलाई आदरपूर्वक उज्यालो अभियानका नायक भन्ने गरिन्छ ।

उनकै कार्यकालमा २०७८ कात्तिकदेखि भारत र २०८१ कात्तिकदेखि बंगलादेशमा पनि व्यावसायिक रूपमा विद्युत् निर्यात सुरु गरिएको छ। विद्युत् चुहावट नियन्त्रणमा पनि प्राधिकरणले फड्को मारेको छ । आठ वर्ष अघिसम्म २५ दशमवलव ७८ प्रतिशत विद्युत् चुहावट थियो। गत आर्थिक वर्षसम्ममा विद्युत् चुहावट १२.७३ प्रतिशतमा सीमित भएको छ।

यससँगै ९९ प्रतिशत घरमा बिजुली विस्तार भएको छ । उनै कुलमानलाई ओली सरकारले कार्यकारी निर्देशकबाट हटाएको हो। कुलमानलाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले दोस्रोपटक २६ साउन २०७८ मा प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो । त्यसअघि २९ भदौ २०७३ मा दाहाल नेतृत्वको मन्त्रिपरिषद् निर्णयबाट पहिलोपटक कार्यकारी निर्देशकमा नियुक्त भएका थिए । उनलाई लोडसेडिङ अन्त्य गरेको र वर्षौंदेखि घाटामा गएको संस्थालाई नाफामा लगेको श्रेय जान्छ।

तर, ऊर्जामन्त्री खड्काले भने कुलमानसँगको रिसकै कारण लोडसेडिङ अन्त्य भारतका कारण भएको भन्दै भारतलाई नै श्रेय दिनुपर्ने विवादास्पद अभिव्यक्ति दिएका थिए।

■■■

## कांग्रेस नेताहरू...

'कानुनी भाषामा अलिअलि काइते भन्ने शब्द प्रयोग गरिन्छ । त्यही काइते शब्दावलीमा सात बुँदेको २ नम्बरमा लेखिएको थियो- संविधानका सफल पक्षहरूलाई बलियो बनाउने, र कमिकमजोरीलाई हटाउने भनेर लेखिएको थियो,' साउदले भने, 'शासकीय स्वरूपका बारेमा एजेण्डा खोलिएको थिएन । समानुपातिकका बारेमा एजेण्डा खोलिएको थिएन। अन्य कुराका बारेमा पनि एजेण्डा खोलिएको थिएन । त्यसलाई अमूर्तरूपमा मात्रै प्रवेश दिएर प्रतिबद्धता व्यक्त गरिएको अवस्था थियो।'

साउदले कांग्रेस-एमालेबीच भएको सात बुँदे सहमति विस्तार-विस्तारै विस्मरणमा जान लागेको पनि टिप्पणी गरे। 'सात बुँदे सहमति गरेका छौं । सात बुँदे सहमतिका आधारमा सरकार सञ्चालन गर्ने भनिसकेपछि त्यो सात बुँदेका महत्त्वपूर्ण बुँदाहरू पनि अहिले विस्तारै विस्मरणमा जान थालेको अनुभव भइराखेको छ,' उनले भने।

### कार्यसम्पादन बैठकमा पनि विरोध

आइतबार बसेको कांग्रेसको कार्यसम्पादन समितिको बैठकमा पनि सरकारको कार्यशैलीप्रति कांग्रेस नेताहरूले विरोध गरेका थिए । कांग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले सात बुँदे धारणा राख्दै सडकमा आएको विरोधलाई सम्बोधन गर्न आग्रह गरेका थिए । 'सडकमा ओर्लेका जनता पनि नेपाली हुन् । यो सडक गतिविधिलाई वास्ता नगर्ने, सत्तातिर मात्र ध्यान दिने हो भने अफगानिस्तान, श्रीलंका, बांगलादेश, सिरियाका शासकहरूको नियतिबाट हामी अपवाद हुन सक्दैनौं,' केसीले भनेका थिए । कार्यसम्पादन समितिमा अधिकांश सदस्यहरूले सरकारमा कांग्रेसको उपस्थिति खोजी गरेको थिए ।

पार्टीको तर्फबाट नेतृत्व गर्दै सरकारमा सहभागी प्रकाशमान सिंहले काम नै गर्न नसकेकोमा सबैभन्दा बढी प्रश्न बैठकमा उठेको थियो । त्यसपछि सभापति देउवाले जनताले अनुभूत गर्ने खालको काम गर्न मन्त्रीहरूलाई निर्देशन दिएका थिए। 'जनतामा काम भएन भन्ने आक्रोश छ । दुई ठूला दलको सरकार भएपछि जनताले अनुभूत गर्ने विकास दिनुपर्छ,' कांग्रेस नेता गोपालमान श्रेष्ठले भने ।

■■■

## गरिबी घटाउन...

राष्ट्रिय विकास, रोजगारी सिर्जना र गरिबी न्यूनीकरण रणनीतिहरूसँग आप्रवासनलाई एकीकृत गर्दा यस प्रकारको प्रणालीतर्फ काम गर्ने मञ्च प्रदान गर्ने सुझाव दिइएको छ ।

### उच्च लागतको मारमा नेपाली श्रमिक

प्रतिवेदनले श्रमिकहरूको विभिन्न अवस्थाकोसमेत चित्रण गरेको छ। सर्वेक्षण गरिएका चार देशहरू फिलिपिन्स, पाकिस्तान, भारत र नेपालमध्ये पाकिस्तानपछि दोस्रो सबैभन्दा बढी आप्रवासन लागत लाग्ने मुलुक नेपाल रहेको छ । रोजगारीमा जाँदा उच्च लागतको भारले प्रायः श्रमिकले विदेशमा नराम्रो अवस्थाको सामना गरिरहेको उल्लेख गरिएको छ । यसकारण स्वास्थ्य सेवा तथा सामाजिक सुरक्षामा सीमित पहुँच हुँदा कहिलेकाही श्रमिकको मृत्युसम्म हुने गरेको पनि प्रतिवेदनमा औंल्याइएको छ। प्रतिवेदनअनुसार व्यवसायीले 'फ्रि-भिसा, फ्रि-टिकट'को प्रावधान कार्यान्वयन नगर्दा ८५ प्रतिशत श्रमिक अनौपचारिक ऋण लिएर जाने गरेको पाइएको छ । यसर्थ रोजगारीमा जाने श्रमिकको सीप विकास र श्रम गन्तव्य विविधीकरणमा ध्यान राख्न पनि प्रतिवेदनको सुझाव छ । दक्ष श्रमिकहरू रोजगारीमा जाँदा लाग्ने लागत घटाउने र लाभ एवं सुरक्षा बढाउनेतर्फ केन्द्रित हुन प्रतिवेदनले सुझाव दिएको छ।

विदेशबाट फर्कने श्रमिकहरूलाई आन्तरिक श्रमबजारमा पुनः समायोजन गर्न उद्यमशीलता प्रवर्द्धन, पुनःतालिम तथा पुनः सीप विकास कार्यक्रमहरू लागू गर्नसमेत भनिएको छ। साथै, विप्रेषणलाई लगानी र व्यवसाय वृद्धिका लागि उपयोग गर्न मानिसहरूलाई प्रोत्साहित गरे मुद्रास्फीति बढ्ने क्रम सुस्त हुनेसमेत विश्व बैंकको भनाइ छ। सन् २०२३ मा एउटा परिवारले औसतमा २० प्रतिशतभन्दा बढी खर्च विप्रेषणबाट धानेको उक्त अध्ययनले देखाएको छ।

प्रतिवेदनअनुसार धेरै नेपालीहरू आफ्ना उत्पादनशील वर्षहरू विदेशमा काम गरेरै बिताउने गरेका छन्। नेपालीहरूले आफ्नो करिअरको सुरुमै वैदेशिक रोजगारी रोज्ने गरेका छन् । १७ प्रतिशतले १५ देखि २४ वर्षको बीचमा र १४.९ प्रतिशतले २५ देखि ३४ वर्षको बीचमा नेपाल छोडेका छन् । ८० प्रतिशतभन्दा बढी आप्रवासीहरू पुरुष छन्, तर महिला आप्रवासीको हिस्सा २०११ मा १२.३ प्रतिशतबाट बढेर २०२१ मा १७.८ प्रतिशत पुगेको छ।

सन् २०२१ मा विदेशमा रहेका ६० प्रतिशतले माध्यमिक शिक्षा वा त्योभन्दा कम हासिल गरेको देखिएको छ । अधिकांश श्रमिक रोजगारीका लागि गएकाले 'ब्रेन ड्रेन' (बौद्धिक पलायन)को जोखिम भने न्यून रहेको बताइएको छ । यद्यपि, उच्च शिक्षा र तालिमका लागि विदेसिने क्रम भने बढेको छ। सन् २०११ मा ५.९ प्रतिशत रहेको यस्तो संख्या सन् २०२१ मा बढेर ९.६ प्रतिशत पुगेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले नेपालबाट हुने आप्रवासनलाई तीन किसिममा विभाजन गरेको छ। पहिलो समूहमा छिमेकी भारत रहेको छ । भारत खुला सिमाना, कम लागत र कम प्रतिफल दिने गन्तव्य हो । त्यस्तै दोस्रोमा मध्यम लागत र प्रतिफल दिने खाडी मुलुक र मलेसिया छ। तेस्रोमा धनी पश्चिमा, एसियाली, युरोपेली र प्रशान्त क्षेत्रका देशहरू छन्, जसमा लागत र प्रतिफल दुवै उच्च छ। पश्चिमा, एसियन र युरोपका यस्ता मुलुक जानेहरू २०११ को भन्दा २०२१ मा ९.३ प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

# सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाइयो

■ विविशा पौडेल

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले वडा नम्बर ७ कालोपुलस्थित गुठी संस्थान मातहतको जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाएको छ । सोमबार महानगर प्रहरीको टोलीले डोजर प्रयोग गरेर टहरा भत्काएको हो।

उक्त स्थानमा अवैध रूपमा निर्माण गरिएका सात संरचना भत्काइएका र अन्य तीन संरचना भत्काउन बाँकी रहेका महानगर प्रहरी उपरीक्षक दिनेशकुमार अर्यालले जानकारी दिए । उक्त संरचना भत्काउने क्रममा डोजरमाथि ढुंगा मुढा गर्ने तीन जनालाई नियन्त्रणमा लिइएको पनि उनले बताए । महानगरका अनुसार उक्त स्थानमा विगत ४० वर्षदेखि बसोबास गरी विभिन्न व्यवसाय सञ्चालन भइरहेका छन्।

नेपाल प्रहरी, वडा नं ७ का वडाध्यक्ष, स्थानीयबासीको रोहवरमा गुठी संस्थान र महानगरको सहकार्यमा अतिक्रमित संरचना भत्काइएका हुन् । गुठी संस्थानले कामपालाई संरचना भत्काउन सहयोग मागेको जनाइएको छ । वडा नं. ७ का वडाध्यक्ष विमलकुमार होडाले गुठी संस्थानको जग्गा अतिक्रमण गरेर बनाइएका संरचना डोजर लगाएर भत्काइएको प्रभावलाई जानकारी दिए।

त्यहाँ बस्दै आएका सुकुम्बासीहरूले भने आफूहरूलाई कुनै जानकारी नदिई टहरा भत्काएको गुनासो गरे। एक्कासि आएर डोजर चलाएको भन्दै उनीहरूले आक्रोश पोखे। स्थानीय वसन्तकुमार गुरुङले ४० वर्षदेखि बस्दै आएको स्थानमा डोजर चलाएर महानगरले अन्याय गरेको बताए । उनले आफूहरू कानुनविपरीत नबसेको दाबी गरे। '४० वर्ष भयो यहाँ बसेको, कानुनविपरीत बसेका छैनौं । तर आज भुटानी शरणार्थीलाई जस्तो व्यवहार गरियो,' गुरुङले भने।

विनासूचना एक्कासि आएर घर भत्काएको, घरभित्रको सामान निकाल्छु भन्दा पनि निकाल्न नदिएको उनले बताए । टहरा भत्काएपछि अक्सिजनको सहारामा बसेका बिरामी वृद्धवृद्धाको विचल्ली भएको गुरुङले बताए।

---

**सूचना रद्द गरिएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३२४ चैत ७ गते २०८१ मा प्रकाशित भएको **Index Recruitment Pvt.Ltd.** को उल्लिखित (Lt No.320646, 320647) नभएको जानकारी गराउँदै यो सूचना रद्द गरिएको व्यहोरा अनुरोध छ।

Index Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

---

**स्कुटी हराएको सूचना**

मिति २०८१/११/१६ गते बौद्धबाट मेरो बागमती प्रदेश - ०२ - ०५१ प ८७०६ नम्बरको रातो, १०९ सि.सि. को होण्डा कम्पनी, च्यासिस नं. ME4JF39JHRD070838, ईन्जिन नं. JF39ED1093592, सवारी मोडल DIO LED DLX A3, 2024 सालमा बनेको स्कुटी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा देहायको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ओम बा. तामाङ
फोन : ९८५१०४०६२३
ठेगाना : का.म.न.पा ६, बौद्ध

---

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८१।१२।१२**

यस सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान ४९० को ३८०६.६७ क्यू. फि. काठ र साल समेत प्रजातीको दाउरा १०.०० चट्टा बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औं दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**– श्री सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह, मनहरी–६, मकवानपुर**

---

**ललितपुर महानगरपालिका**
**वडा नम्बर २४ को ३५ दिने सँधियार सम्बन्धी सूचना**

*प्रकाशित मिति २०८१/१२/१२ गते*

प्रस्तुत विषयमा यस ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.२४ कार्यालय, धापाखेल ललितपुर महानगरपालिकाको नक्सा पास सम्बन्धमा विष्णु माई सापकोटाको नाममा मा.पो.का.ल.पु.मा दर्ता कायम भएको साविक धापाखेल गा.वि.स.वडा नं.३ 'क' हाल ल.पु.म.न.पा.वडा नं.२४ को कि.नं.९८६ र ११२६ सम्बन्धमा नापी नक्सा र फिल्डमा जग्गाको आकार प्रकार फरक सम्बन्धमा भोग चलनको स.मु.मा अनिवार्य साँध सँधियारको सहिछाप आवश्यक भएकोमा उक्त कित्ता जग्गाको उत्तरतर्फको सँधियारलाई पटक पटक भन्दा पनि उक्त कि.नं.११ को सँधियार ज्ञानी खड्का उपस्थित नभएको हुँदा निजको नक्सा दर्ता कार्य रोकिएको हुनाले यदि कोही कसैलाई दावी विरोध भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित यस ल.पु.म.न.पा.वडा नं.२४ कार्यालयमा उपस्थित भई आफ्नो भनाई तथा सहिछाप कार्यमा सहयोग गरि दिनुहुन अनुरोध गरिन्छ। यदि तोकिएको अवधिभित्र यस वडा कार्यलयमा उपस्थित नभएमा प्रचलित कानुन वमोजिम नक्सा दर्ता प्रक्रिया अघि बढ्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

*– ललितपुर महानगरपालिका वडा नं.२४ को कार्यालय*

---

**पिपरा गाउँपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**पिपरा, महोत्तरी**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/१२/१२**

उपरोक्त बिषयमा यस कार्यालयको तर्फबाट मिति २०८१/११/०४ गतेको दिन सिटी पोस्ट राष्ट्रिय दैनिक पत्रिका मा प्रकाशित सूचना अनुसार गाउँपालिकाको खरिद कार्य सम्बन्धि शिलवन्दी दर भाउपत्र तपशिल बमोजिमका न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिने आएकोले स्वीकृतको लागि सिफारिस भई आएकोले सार्वजनिक खारिद नियमावली २०६४ को प्रयोजनार्थ सम्बन्धि सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का न. | कामको विवरण | सारभूत प्रभावग्राही फर्म | रकम | कैफियत |
|---|---|---|---|---|
| 03/2081/082RM/ PIPARA/education/ supply of sanitary pads | सामुदायिक बिध्यालयका छात्राहरु लाई निशुल्क स्यानिटरी प्याड व्यास्थापन कार्य | Nayan Medico pharma:bhaktpur | रू १९१९१०४.०९ | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Khaptad Chhededaha Rural Municipality**
**Office of The Rural Municipal Executive**
Dogadi, Bajura
Sudurpaschim Province, Nepal

**Invitation for Electronic Bids**

**First Date of Publication: 2081/12/12**

1. Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura invites electronic bids from eligible bidders for following Bids under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 90 days from the date of last date of bid submission.

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) with P.S.[Excluding VAT & Contingencies] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| KCRM/NCB/ W/11/2081-082 | Construction of Khola Kharka Dekhi Khaula Hudai Lamachaur Naina Samma Irrigation Canal/Pipe Works, KCRM-06, Naina, Bajura | 3,000.00 | 41,96,665.82 | 1,20,000.00 | Validity up to 120 days from the last date of bid submission | 2082/01/11 12:00 hrs | 2082/01/11 13:00 hrs |

2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted.
3. Eligible Bidders may obtain the further information from Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. Bid Documents Purchase Fee & Bid Security Deposit (Cash/Bid bond) Details:-

| | |
|---|---|
| **Details for Bid Documents Purchase Fee** *(upload the scanned copy (PDF format) of the bank deposit Voucher.)* | **Account Name: Rajaswa (Revenue) Khata**<br>**Name of Office:** *Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura*<br>**Office Code No.:** *801076906*<br>**Name of the Bank:** *Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.*<br>**Office Account No.:** *06108109220023* |
| **Details for Bid Security (Cash/Bid bond) Deposit** *(Submit Bank Deposit Voucher along with a Bid.)* | **Account Name: Dharauti Khata**<br>**Name of Office:** *Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura*<br>**Account No.:** *06108109220014*<br>**Name of the Bank:** *Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.* |

5. The Khaptad Chhededaha Rural Municipality, Office of the Rural Municipal Executive, Dogadi, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Chief Administrative Officer**

---

**गौर राइस आयल एण्ड लोर मिल्स (नेपाल) लिमिटेड**

**दान पत्र पारित गरी जग्गा दिने निर्णय बदर गर्ने सूचना**

उपरोक्त सम्वन्धमा मिति २०८१/१२/०६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार मिति २०८०/११/१३ र २०८१/०५/१० का दिन यस गौर राइस आयल एण्ड फ्लोर मिल्स (नेपाल) लिमिटेड कम्पनीका सञ्चालक समितिको बैठकबाट यस कम्पनीको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट गा.वि.स.गौर वडा नं.७ कित्ता नं.१६३ क्षेत्रफल (४-१०-०) चार विगाहा दश कट्ठा जग्गा मध्येबाट गौर नगरपालिकाको नाउँमा खेलकूद मैदानको लागि क्षेत्रफल (२-१५-०) दुई विगाहा पन्ध्र कठ्ठा जग्गा दान पत्र पारित गरी दिने भनी निर्णय भएकोमा यस कम्पनीलाई गौर नगरपालिकाले विभिन्न कारण समस्याहरू देखाई दु:ख दिने, अल्झाउने र कम्पनीको जग्गा विक्री गर्न रोकाउने समेत जस्ता काम कार्यहरूमा बाधा अर्चना पुऱ्याएको हुनले उक्त मितिमा गरिएको सम्पूर्ण निर्णयहरू बदर गरिएको भनी यो सूचना प्रकाशित गरिएको छ।

**सञ्चालक समितिको आज्ञाले**
**प्रतुल लाल श्रेष्ठ**

---

**सूचना ! सूचना !! सूचना !!!**

नेचुरल मिडिया प्रा.लि.द्वारा सञ्चालित www.bicharpana.com नामक अनलाइन पत्रिका यस कम्पनीबाट हस्तान्तरण हुने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१ चैत्र २९ गते (१५ दिन) भित्र यस कम्पनीको ठेगाना काठमाडौं महानगरपालिका-२९, अनामनगर, सञ्चालकको मोवाइल नम्बर ९८५११८२३१३ वा naturalmedianepal@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ।

**नेचुरल मिडिया प्रा.लि.**
**काठमाडौं महानगरपालिका–२९, अनामनगर**
**फोन : ०१-५९२४२२९**

# नौबुँदे काठमाडौं घोषणापत्र जारी गर्दै सकियो प्रथम राष्ट्रिय पानी सम्मेलन

■ प्रभाव संवाददाता

**काठमाडौं-** जल तथा ऊर्जा आयोगको सचिवालयको नेतृत्व तथा राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासंघको आयोजनामा प्रथम राष्ट्रिय पानी सम्मेलन सम्पन्न भएको छ। नेपाल राष्ट्रिय हिमनदी, जल तथा मौसम सप्ताह-२०८१ लाई सार्थक बनाउने उद्देश्यका साथ शनिबारदेखि सुरु भएको उक्त सम्मेलन नौबुँदे काठमाडौं घोषणापत्र जारी गर्दै आइतबार साँझ सकिएको हो।

दुई दिनसम्म चलेको सम्मेलनले तीन तहका सरकारबीचको समन्वय र सहकार्य, विकास साझेदार संस्था, सामुदायिक संस्थालगायत अन्य सरोकारवाला समेतको संलग्नतामा एकीकृत नदी वेसिन योजनाअनुसार जल सुशासन हुनेगरी जलस्रोतको दिगो उपयोग, संरक्षण, व्यवस्थापन र नियमन गर्ने प्रतिबद्धता जनाएको छ।

सम्मेलनले पानीको प्रयोग तथा संरक्षणसँग सम्बन्धित नीतिगत एवं कानुनी व्यवस्थामा पानीको समुचित उपयोग तथा संरक्षण सम्बन्धमा सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाको सबलीकरण, संस्थागत क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहले आफ्ना नीति तथा कानुनको तर्जुमा गर्दा तीन तहबीच कानुनी सामञ्जस्यता कायम गर्ने र सबै तहका सरकारहरूले यस क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

यसैगरी, राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय सहकार्यमार्फत जलस्रोतको विकास गरी सामाजिक र आर्थिक रूपान्तरणमा टेवा पुग्नेगरी सहकार्यको नीति अवलम्बन गर्ने, प्राकृतिक विपद् व्यस्थापनका लागि पूर्वतयारी योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने, जलवायु परिवर्तनका कारणले पारेको प्रभावलाई न्यूनीकरण गर्न नवीनतम् प्रविधिको अवलम्बन एवं जलवायु उत्थानशील कार्ययोजनामार्फत पानीको समुचित उपयोग तथा संरक्षण गर्दै खानेपानी, सिँचाइ, जलविद्युत्लगायतका जलस्रोतका क्षेत्रमा दिगो संरचना विकास र सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

पानी सम्मेलनले जलस्रोतको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको विस्तार गर्नका साथै पानीको समुचित उपयोग तथा संरक्षणका लागि रैथाने ज्ञान, सीप एवं प्रविधिलाई समेत समावेश गरी उपलब्ध ज्ञान तथा तथ्यांकको वैज्ञानिक अभिलेखीकरण, विश्लेषण तथा प्रयोग अभिवृद्धि गर्न एकीकृत सूचना प्रणाली निर्माण एवं सुदृढीकरण गरी दीर्घकालीन एकीकृत योजना तर्जुमा गर्दै कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

यसैगरी, जलस्रोतसँग सम्बन्धित सबै सरोकारवालाले जलस्रोतको उपयोग तथा व्यवस्थापनका लागि साझा मञ्चको विकास गरी समुदायको नेतृत्व सबलीकरण र क्षमता विकासका साथै असल अभ्यासको निरन्तरता र विस्तारका लागि काम गर्ने बताइएको छ। जलवायु परिवर्तनबाट उत्पन्न हुने क्षति तथा नोक्सानीको परिपूर्ति गर्न हरित जलवायु कोषबाट प्राप्त हुन सक्ने स्रोत र साधनलाई जलस्रोत क्षेत्रमा उच्चतम उपयोग गर्ने सम्मेलनले प्रतिबद्धता जनाएको छ।

नेपालको समृद्धि जलविद्युत्, कृषि, सिँचाइ, पर्यटन र खानेपानीलगायतका क्षेत्रमा जलस्रोतको प्रभावकारी उपयोग गर्दै आर्थिक रूपान्तरण, औद्योगिक विकास, रोजगारी सिर्जना गर्ने र क्षेत्रीय व्यापारलाई सक्षम बनाउने आधार तयार गरी दिगो विकासमार्फत समृद्धि हासिल गर्न पहल गर्ने बताइएको छ। यसैगरी, सरोकारवालासँगको समन्वय र सहकार्यमा जल तथा ऊर्जा आयोगले नेतृत्वदायी भूमिका निर्वाह गरी एकीकृत जलस्रोत व्यवस्थापन, बहुउपयोग, संरक्षण तथा नियमन गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको छ।

## बिमालेख हरायो

मिति २०८१/११/०२ गते चावहिलदेखि शामाखुसीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : सर्वज्ञ राई**
**बिमालेख नं.: ११००००६८७**
**एल आइ सी (नेपाल) लिमिटेड**
**ठेगाना : सुर्योदय न.पा.-११, इलाम**
**सम्पर्क नं : ९८५११७७७२५**

## बिमालेख हरायो

मिति २०८१/११/०२ गते चावहिलदेखि शामाखुसीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : इमोनिका राई**
**बिमालेख नं.: २५१८००९९७**
**एल आइ सी (नेपाल) लिमिटेड**
**ठेगाना : सुर्योदय न.पा.-११, इलाम**
**सम्पर्क नं : ९८५११७७७२५**

# बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेलौरी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति: २०८१/१२/१२)**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | *Construction of Swimming Pool at Belauri Municipality -05. Contract Identification: BELMUN/NCB/S/081/082-06* | *Bashuling Construction & Suppliers PVT Ltd Belauri-06 Kanchanpur* | रू. १,१६,८८,५६५ | |


## साउदीमा रोजगार
कम्पनी : LAVENDER SCENT CAFE FOR DRINKS

पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320646 | चलानी नं. ६०२३४७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 1 | 0 | 1200 | ४४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL KHAIR FOOD SUPPLIES

पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320647 | चलानी नं. ६०२३४७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 1 | 0 | 1200 | ४४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ।

नोट : यस लट नं. (LT No. 320646, 320647) को सूचना चैत ७ गते प्रकाशन भइसकेमा Pigeon International Overseas Pvt. Ltd कम्पनी हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरी आज पुन: प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योर्हने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योर्हने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्हने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्हने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## युएइमा रोजगार
कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/११ | LT. No. 316204 | चलानी नं. ६०२३०४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | confectioner | 17 | 0 | 1200 | ४५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Assistant | 18 | 0 | 900 | ३३,९०० | | | | | | | |
| 3 | Kitchen Helper | 14 | 0 | 1000 | ३७,६६५ | | | | | | | |
| 4 | Male Cleaner | 25 | 0 | 900 | ३३,९०० | | | | | | | |
| 5 | Office Boy | 14 | 0 | 1000 | ३७,६६५ | | | | | | | |
| 6 | Porter | 15 | 0 | 900 | ३३,९०० | | | | | | | |
| 7 | RESTURANT WORKER. | 10 | 0 | 1000 | ३७,६६५ | | | | | | | |
| 8 | Room Boy | 14 | 0 | 1000 | ३७,६६५ | | | | | | | |
| 9 | Waiter | 28 | 0 | 1600 | ६०,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १९ गते (1st April 2025) मा हुनेछ।

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४५,४३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Clerical | 0 | 1 | 2200 | ८३,३०६ | | | | | | | |
| 3 | Dry Clean Worker | 0 | 3 | 1000 | ३७,८६५ | | | | | | | |
| 4 | General Cleaning Worker | 3 | 0 | 1000 | ३७,८६५ | | | | | | | |
| 5 | Labour | 4 | 0 | 1000 | ३७,८६५ | | | | | | | |

कम्पनी : DELWAN QATAR

पूर्व स्वीकृति मिति : २०८१/१२/११ LT. No. 320936 चलानी नं. ६०२३५०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 3 | 0 | 1100 | ४१,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 6 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 3 | Building Worker | 2 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 4 | Carpenter | 3 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 5 | DECOR WOOD WORKER | 1 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 6 | Digger | 4 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 7 | Electric | 3 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 8 | Labour | 2 | 0 | 1000 | ३७,८३५ | | | | | | | |
| 9 | Mason (Nepal) | 2 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 10 | PAINTER | 11 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 11 | Pipe Fitter | 8 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 12 | Plaster Worker | 10 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 14 | Tile Maker | 1 | 0 | 1100 | ४१,६५० | | | | | | | |
| 15 | Tile Maker | 4 | 0 | 1100 | ४१,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १९ गते (1st April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159,
9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81


## Aathrai Tribeni Rural Municipality
### Office of Rural Municipal Executive
**Hangpang, Taplejung**

## Invitation for Quotations

***Date of publication: 2081/12/12***

1. Aathrai Tribeni Rural Municipality invites sealed quotations for Upgrading work of Saraswati Namuna Mabi Playground. The estimated amount for the works is Nrs. 17,05,875.00 without VAT and PS.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np.]
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP site www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account

   Name of the Bank: Rastriya Banjiya Bank Limited
   Name of Account: AATHRAI GA. PA. (GA-1-1)-AANTARIK RAJ
   Office Account no.: 2670100301010002
   Office Code Number : 80101501300
   Revenue Code Number : 14229
4. Sealed bids must be submitted on e-GP system i.e www.bopatra.gov.np/egp]on or before 12:00 noon on 2081/12.27. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 noon on 2081/12.27 at the office of Aathrai Tribeni Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs 55,000/- which shall be valid for 30 days beyond the validity period of the bid.

   Name of the Bank: Rastriya Banjiya Bank Limited
   Name of Account: AATHRAI GA.PA.(GA-3)-DHARAUTI ACCOU
   Office Account no.: 2670100303000002
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Act. Chief Administrative Officer**
**Aathrai Tribeni Rural Municipality**

**नेपाल सरकार**
**गृह मन्त्रालय**

## ईलाका प्रशासन कार्यालय
**बरहथवा, सर्लाही**

## प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना

यस कार्यालयबाट प्रकाशित तथा www.bolpatra.gov.np/egp को तपशिल बमोजिमको ठेक्काहरूको को सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभुत रूपमा प्रभावग्राही बोलपत्रहरू देहाय बमोजिम भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) बमोजिम निम्न बमोजिमको स्थान, मिति र समय आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृति को लागि छनौट भएको सूचना सम्बन्धित सबै मा जानकारी को लागि आज मिति २०८१/१२/१२ मा प्रकाशित गरिएको छ ।

**तपशिल**

| S.N. | Contract No. | Description of Work | Name of Successful Bidders | Opening Date, Time and Venue | Remarks |
|---|---|---|---|---|---|
| 1 | AAO/ Barahathawa/ Works/ NCB/01-2081/82 | Construction of Area Administration Office Building at Barahathawa, Sarlahi. | Rangeli Nirman Sewa Pvt. Ltd., Tokha-2, Kathmandu, Dhanusha | Date: 2081/12/19 Time: 1:00 pm Venue: Area Administration Office Barahathwa, Sarlahi. | |
| | | | B.N.S./G.C.JV, Balaju, Kathmandu,Nepal | | |
| | | | Kc/IIC JV, Janakpur-14, Dhanusha | | |
| | | | S.K.G-Sonu & Sangita-Pushpa Jv, Mathiyani-01, Mahottari | | |
| | | | Khan Builders, Inaruwa, Sunsari | | |
| | | | Orbit-Bastakoti Jv, Gokarneshwor, Kathmandu | | |

**कार्यालय प्रमुख**

# प्रभाव दैनिक





## सकियो 'जेरी अन टप'को छायांकन

फिल्म 'जेरी अन टप'को छायांकन सकिएको छ । ६० दिनमा मुस्ताङबाट फिल्म सकिएको निर्माण युनिटले जनाएको छ । फिल्मको दुई गीतको छायांकन भने बाँकी राखिएको छ । अनमोल केसी, आँचल शर्मा, केदार घिमिरे, जसिता गुरूङ, भुवन केसी, सुरक्षा पन्त, निर्मल शर्मालगायत कलाकारको फिल्ममा मुख्य भूमिका छ । फिल्मको बाँकी दुई गीतको छायांकन भारतको दक्षिणपूर्वी सामुद्रिक तटीय सहर पोन्डीचेरी र काठमाडौंमा हुनेछ । अनन्या फिल्मस्को ब्यानरमा निर्माण भएको यो फिल्मलाई सुयोग गुरूङले निर्देशन गरेका हुन् ।




मंगलबार, १२ चैत २०८१ (Tuesday, March 25, 2025)




# फेसन शोमा सेलिब्रेटी

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री प्रियंका कार्की, स्वस्तिमा खड्का, नीति शाह, साम्राज्ञी राज्यलक्ष्मी शाह, सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ, माल्भिका सुब्बा, सबिता कार्की, आस्था पोखरेल, सन्तोष लोक्शुम लिम्बु, समपर्णजंग कार्की, सृच्छा प्रधान, प्रियंका रानी जोशीलगायत करिब २ दर्जन सेलिब्रेटी एउटै र्‍याम्पमा देखिने भएका छन् । आगामी १५ र १६ गते (मार्च २८ र २९) होटल याक एण्ड यति दरबार मार्गमा आयोजना हुने १४औं संस्करणको जोय 'आइइसी डिजाइनर रनवे' नामक फेसन शोमा सबै सेलिब्रेटी एकसाथ फेसन शोमा देखिने भएका हुन् ।

जोय कस्मेटिक नेपालको प्रस्तुति रहेको फेसन शोमा २ दर्जन सेलिब्रेटीको अलवा ३१ जना ब्यवसायिक मोडलले समेत पहिरनका नयाँ र आकर्षक डिजाइनहरू प्रस्तुत गर्नेछन् । शोमा आइसी कलेजका २०२२ ब्याजका १०२ जना विद्यार्थीले डिजाइनरहरूले तयार पारेका फरक फरक पहिरन २५ सिक्वेलमा प्रदर्शन हुनेछ ।

आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले 'आइइसी डिजाइनर रनवे'को मुख्य उद्देश्य नेपाली फेसन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेसनका आकर्षक डिजाइन अन्तर ाष्ट्रिय स्तरमा पुर्याउनु रहेको बताइन् । '१४औं जोय 'आइइसी डिजाइनर रनवे' अहिलेसम्मकै राम्रो र उत्कृष्ट फेसनको शोको रूपमा प्रस्तुत गर्न लागिएको हो' उनले भनिन् ।

भारतबाट चर्चित तथा अन्तर्राष्ट्रिय कोरियोग्राफर यतिन नरेन्द्र गान्धीको समेत सहभागिता रहने शोको म्यानेजमेन्ट नेक्स्ट मोडल्स नेपालले गर्दैछ । नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले शो तयारी सुरु भैसकेको जानकारी दिए ।

# 'पिताम्बर' बन्यो एनएसएलको मुभी पार्टनर




■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** नयाँवर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट रिलिज हुने बहुप्रतिक्षित फिल्म 'पिताम्बर' नेपाल सुपर लिग (एनएसएल)को तेस्रो संस्करणसँग जोडिएको छ। नेपाल स्पोर्टस् एण्ड इभेन्ट मेनेजमेन्ट (एनएसएम)ले आयोजना गर्दै आएको सुपरलिगमा फिल्म 'पिताम्बर' मुभी पार्टनरका रूपमा जोडिएको हो । नेपाल सुपर लिग यही चैत १६ गतेबाट काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सुरु हुँदैछ ।

फिल्मकी निर्देशक कृषा चौलागाईंले देशको प्रतिष्ठित फूटबल प्रतियोगितामा मुभी पार्टनरका रूपमा जोडिन पाउँदा खुशी लागेको बताइन् । 'दर्शकका लागि नेपालमा खेलकुद र फिल्म अभिन्न अंग बनेका छन् । खेलकुदका माध्यमबाट पनि फिल्मको प्रचारप्रसारमा सघाउ पुग्नेमा हामी ढुक्क छौं', उनले भनिन् ।

केपी फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मसको ब्यानरमा निर्माण भएको फिल्ममा कृषा चौलागाईको निर्देशन छ । फिल्ममा प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रविन्द्र झा, प्रमोद अग्रहरि, कामेश्वर चौरासिया, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्ट, आशिष पुरुष, ललित विष्ट, किशोर भट्ट, विनोदकुमार पौडेल, नारायण काफ्ले र रविन्द्र भट्टराईको अभिनय छ ।

फिल्ममा बाल कलाकारका रूपमा आर्नव घिमिरे, प्रयुस दत्त सुवेदी, आध्य लामिछाने, आरोह चौलागाईं र सुप्रोल बुढाथोकी (अनमोल)ले समेत अभिनय गरेका छन् ।

फिल्ममा विशाल चौलागाईं निर्माता, पुरुषोत्तम प्रधान, आध्य लामिछाने र आरोह चौलागाईं सह-निर्माता, सुमन गौतम कार्यकारी निर्माता छन् । फिल्ममा प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद, पुरुषोत्तम प्रधानको डीओपी, शेरबहादुर लामा र मानकृष्ण महर्जनको छायांकन, बन्दे प्रसादको सम्पादन, आशीष अविरल र बाबुल गिरीको संगीत, हिमाल केसीको द्वन्द्व छ । फिल्म आरआर फिल्मस्ले वितरण गर्दैछ ।

# 'सतिदेवी'लाई निफमा मोस्ट पपुलर अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** आठौं नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)मा लक्ष्मण सुवेदी निर्देशित चलचित्र 'सतिदेवी'ले मोस्ट पपुलर फिचर फिल्म अडियन्स च्वाइस अवार्ड जित्यो । फेस्टिभलमा प्रतिस्पर्धी फिल्महरू मध्य दर्शकले सर्वाधिक मन पराएकाले सो अवार्ड जितेको हो । कार्यक्रममा फिल्मका लेखक, निर्देशक लक्ष्मण सुवेदीले अवार्ड थापे ।

त्यस्तै मिन बहादुर भामद्वारा निर्देशित चलचित्र शाम्बालाले उत्कृष्ट गौतम बुद्ध अवार्ड जितेको छ भने चलचित्र आखाँले उत्कृष्ट राष्ट्रिय फिचर फिल्म अवार्ड पाएको छ। उत्कृष्ट निर्देशक तर्फ पुजार सार्की बाट निर्देशक दिनेश राउतले अवार्ड पाएका छन् ।

सोमबार सम्पन्न महोत्सवमा उत्कृष्ट महिला



कलाकार अवार्ड चलचित्र पुजार सार्कीबाट नायिका अञ्जना बराईली, उत्कृष्ट पुरूष पात्र अवार्ड आखाँबाट आर के मेहता, राष्ट्रिय फिचर फिल्म छायांकार राजेश श्रेष्ठ र राष्ट्रिय चलचित्र लेखन अवार्ड जौन योञ्जनले पाएका छन् ।

महोत्सवमा भारतीय चलचित्र रूक्मिणीले डङ्गी नाट्य अवार्ड मञ्जुश्री अवार्ड (एआई फिल्म अवार्ड) अर्जेन्टिनाको चलचित्र द अविस्ले पाएको छ । उत्कृष्ट सर्ट फिल्म डिरेक्टर अवार्ड निशान खत्रीको चलचित्र 'अ बिटनेस' ले पाएको छ भने, 'माउन्ट एभरेस्ट अवार्ड' बेल्जियमको 'मेल्टिङ स्नु' ले पाएको छ । यस वर्ष 'बागमती अवार्ड' स्पेनको चलचित्र 'लुसिया जि रोमेरो' ले जितेको छ ।

यसैगरि उत्कृष्ट राष्ट्रिय डकुमेन्ट्री फिल्म अवार्ड सुविना श्रेष्ठको 'देवि', अडियन्स चोइस अवार्ड डकुमेन्ट्री तर्फ चलचित्र 'गल्स रि राइटिङ डेस्टिनि', उत्कृष्ट सर्ट चलचित्र अवार्ड र राष्ट्रिय सर्ट फिल्म अवार्ड निराजन राज भेटवालको चलचित्र 'द बिटनेस ट्रि' ले पायो । चैत्र ७ गतेदेखि काठमाडौंमा आयोजितय निफ महोत्सवमा ४० देशका ८७ फिल्म प्रदर्शन भएका थिए ।



# स्पोर्ट्स अवार्ड : महिला विधाको वर्ष खेलाडी मनोनयन सार्वजनिक




**सुदूरपश्चिम (प्रस)–** धनगढीमा यही चैत १९ गते आयोजना हुने 'छैटौं एसपीए सुदूरपश्चिम स्पोर्ट्स अवार्ड २०८१' को वर्ष खेलाडी महिला विधाको मनोनयन सोमबार सार्वजनिक गरिएको छ ।

खोखोकी मानमती धामी, कबड्डीकी मानमती विष्ट र बक्सिङकी स्वस्तिका तिरुवा वर्ष खेलाडी महिलाको मनोनयनमा परेको आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीले जनाएको छ। छनोट समितिका संयोजक सीताराम ओझाले खोखोकी धामी प्रथम विश्वकपको महिलातर्फ नेपाललाई उपविजेता बनाउने खेलाडी रहेको जानकारी दिए ।

उक्त विश्वकपमा उनी दुई खेलमा वेष्ट अट्याक, एकपटक वेष्ट प्लेयर र वेष्ट डिफेन्डरको उपाधि जित्ने खेलाडी हुन् । बक्सिङकी तिरुवा बहराइनमा भएको आइएसएफ जिम्नासाइड समर गेम्सको बक्सिङमा नेपाललाई स्वर्ण पदक जिताउने खेलाडी हुन् । कबड्डीकी विष्ट नेपाललाई एसियन महिला कबड्डी च्याम्पियनसिपमा पहिलोपटक कास्य पदक जिताउने कप्तान हुन् । इरानमा भएको छैटौं एशियन महिला कबड्डी च्याम्पियनसिपमा उनले नेपाली महिला टोलीलाई दुई दशकपछि कास्य पदक दिलाएकी थिइन् ।

स्पोर्ट्स अवार्डमा आठ विधामा अवार्ड प्रदान गर्न लागिएको छ । यसअघि नै सुदूरपश्चिम आइकन पुरुष र महिला तथा वर्ष युवा खेलाडी र वर्ष प्रशिक्षकको मनोनयन सार्वजनिक भइसकेको छ । वर्ष युवा खेलाडीको मनोनयनमा क्रिकेटका नरेन साउद, फुटबलका निराजन धामी र कबड्डीका सुशील चुनारा परेका छन् । वर्ष प्रशिक्षकको मनोनयमा कबड्डीका विष्णुदत्त भट्ट, भलिबलका जगदीश भट्ट र कबड्डीकै हरिना थापा परेकी छन् ।

सुदूरपश्चिम आइकन पुरुष विधामा कबड्डीका खगेन्द्र जोशी, पौडीका अथर्व सिंह र क्रिकेटका हेमन्त धामी तथा सुदूरपश्चिम आइकन महिला विधामा करातेकी मनिषा बोहरा, कबड्डीकी मनिषा जोशी र क्रिकेटकी सावित्री धामी मनोनयनमा परेकी छन् । उत्कृष्ट खेलाडी पुरुष तथा महिला विधाका विजेतालाई जनही रु ३५ हजार, उत्कृष्ट प्रशिक्षकलाई रु ३० हजार, वर्ष युवा खेलाडी, स्पेसल अवार्ड र लाइफटाइम एचिभमेन्ट अवार्डका विजेतालाई जनही रु २५ हजारले पुरस्कृत गरिने आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीका अध्यक्ष प्रदीप पाठकले जानकारी दिए ।

सुदूरपश्चिम आइकन महिला तथा पुरुष विधाका विजेतालाई जनही रु २० हजारसहित ट्रफी प्रदान गर्न लागिएको छ । सुदूरपश्चिम प्रदेश खेलकुद परिषद् मुख्य प्रबर्द्धक रहेको स्पोट्स अवार्डको मुख्य प्रायोजन सुदूरपश्चिमाञ्चल एकेडेमी(एसपीए) धनगढीले गरेको छ । मञ्चले बर्सेनि स्पोट्स अवार्डमार्फत उत्कृष्ट प्रदर्शन गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी र प्रशिक्षकलाई पुरस्कृत गर्ने गरेको छ ।

### प्रधानमन्त्री कप क्रिकेट

# गण्डकी सुपर ओभरमा विजयी

■ प्रभाव संवाददाता

**भैरहवा (रूपन्देही)–** प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएका खेलमा गण्डकी प्रदेश र सशस्त्र प्रहरी विजयी भएका छन् ।

गण्डकीले मधेसलाई प्रतियोगिताको पहिलो सुपर ओभरमा हराएको छ भने सशस्त्र प्रहरीले लुम्बिनी प्रदेशलाई ७ विकेटले पराजित गरेको छ। गण्डकीले जिते पनि सबै खेलमा ४ अंक मात्र बटुल्दै बाहिरिएको छ भने अन्तिम खेल खेलेको लुम्बिनी पराजित हुँदै बाहिरिएको छ ।

जारी प्रतियोगितामा सोमबार पहिलो सुपर ओभर खेलाइएको हो । मधेस प्रदेश र गण्डकी प्रदेशबिचको खेल बराबरीमा टुंगिएपछि खेलको छिनोफानो गर्न सुपर ओभर खेलाइएको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट रंगशालामा २४७ रनको लक्ष्य लिई मैदान प्रवेश गरेको गण्डकीले ५० ओभरमा आफ्नो सबै विकेट गुमाउँदै २४६ रन मात्र बनाउन सक्यो । अन्तिम बलमा २ रन आवश्यक रहे पनि सन्दिप अर्याल रन आउट भए । तर त्यस अघि नै एम्पायर सञ्जय गुरुंगले बललाई वाईड दिइसकेकाले गण्डकीले १ अतिरिक्त रन पाउँदै खेल बराबरीमा टुंगिएको थियो ।

सुपर ओभरमा पहिला ब्याटिङ गर्दै गण्डकीले २२ रन बनाएको थियो । २३ रनको लक्ष्य मधेसले भेट्टाउन सकेन । उसले सुपर ओभरमा ९ रन मात्र बनाउन सक्यो र अन्ततः गण्डकी प्रदेश सुपर ओभरमा विजयी भयो । यस अघि गण्डकीका लागि अर्जुन कुमालले शतक प्रहार गरे । उनले १४० बलको सामना गर्दै १० चौका र १ छक्काको सहयोगमा १०६ रन बनाए । यसैगरी गण्डकीका लागि दिनेश बुढामगर र सुदिप अर्यालले ३४/३४ रन र सुभास भण्डारीले १३ रन बनाए ।



बलिङमा मधेशका विशाल पटेलले ४ विकेट लिँदा रूपेश सिंह, रञ्जित कुमार, प्रदिप पासवान र पवन सर्राफले १/१ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको मधेस प्रदेशले रोहन विक, हरिशंकर साह र रूपेश सिंहको अर्धशतकको सहयोगमा ७ विकेट गुमाउँदै २४६ रन बनाएको थियो । मधेसका लागि रोहन बिकले ९८ बलको सामना गरी ६ चौका र ३ छक्काको सहयोगमा ६४ रन बनाए । हरिशंकर साह र रूपेश सिंहले समान ५१/५१ रन बनाए भने पवन सर्राफले ३३ रन बनाए ।

बलिङमा गण्डकी प्रदेशका बिपिन खत्री र कमल परियारले समान २/२ विकेट लिँदा अमित गुरुङ र सन्दिप पराजुलीले १/१ विकेट लिए । प्रतियोगितामा ७ खेल खेलेको मधेस २ मा जित र ५ मा हार गरी ४ अंक हासिल गरेको छ भने ९ खेल खेलिसकेको गण्डकी मात्र २ मा जित हासिल गरी ४ अंक प्राप्त गर्दै प्रतियोगिताबाट बाहिरिएको छ ।

त्यस्तै सोमबार नै सम्पन्न दोस्रो खेलमा सशस्त्र प्रहरीले लुम्बिनी प्रदेशलाई ७ विकेटले पराजित गरेको छ। लुम्बिनीले दिएको २२४ रनको लक्ष्य सशस्त्रले ४१.५ ओभरमा ३ विकेटको क्षतिमा हासिल गर्‍यो । सशस्त्रका लागि कप्तान रोहित पौडेल र पुरन विकले अर्धशतक बनाए । पुरन विकले ११२ बल खेल्दै ६ चौका र १ छक्काको सहयोगमा अविजित ७२ रन बनाए भने रोहित पौडेलले ९४ बल खेल्दै ७ चौकाको सहयोगमा ७१ रन जोडे । सशस्त्रका लागि सन्दिप जोराले अविजित २१ रन र लोकेश बमले २१ रन बनाए ।

रूपन्देहीकै एक्स्ट्राटेक ओभल क्रिकेट रंगशालामा टस जितेर ब्याटिङ गर्दै लुम्बिनी प्रदेशले कप्तान देव खनाल र मृनाल गुरुङको अर्धशतकको सहयोगमा ८ विकेटको क्षतिमा २२३ रन बनाएको थियो । लुम्बिनीका लागि कप्तान देव खनालले ७९ बलको सामना गरी ४ चौकाको सहयोगमा ६३ रन बनाउँदा मुनाल गुरुङले ८७ बलको सामना गरी ४ चौकाको सहयोगमा ५५ रन बनाए । आकाश त्रिपाठीले २२ रन र प्रज्ज्वल थापाले २० रन बनाए ।

लुम्बिनी प्रदेशले ४ खेल जित र ५ मा हारसहित ८ अंक ल्याएसँगै प्रतियोगिताबाट बाहिरिएको छ । यसैगरी ८ खेल खेलेको सशस्त्र प्रहरीले थप २ अंक जोड्दै फाइनल पुग्ने सम्भावना छ । सशस्त्रले ८ खेलमा ६ मा जितसहित १२ अंक ल्याएको छ । अझै एक खेल खेल्न बाँकी छ ।

प्रतियोगितामा हालसम्म सबै ७ वटा खेलमा अविजित रहँदै नेपाल पुलिस क्लब १४ अंकसहित शीर्षस्थानमा रहेको छ भने ८ खेल खेलेको त्रिभुवन आर्मी क्लब ७ खेलमा जित निकाल्दै १४ अंकका साथ दोस्रो स्थानमा छ । प्रतियोगिताको शीर्ष २ टोलीले यही चैत १६ गते फाइनल खेल्नेछ । मंगलबारको खेल रूपन्देहीको एक्स्ट्राटेक ओभल क्रिकेट रंगशालामा मधेस प्रदेश र सुदूरपश्चिम प्रदेशबीच हुनेछ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १७३५०० | प्रति तोला – ० | प्रति तोला – १९८० |

## वीरगञ्ज नाकाबाट एक खर्ब २२ अर्बको पेट्रोलियम आयात

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)** – चालु आर्थिक वर्षको आठ महिनामा वीरगञ्ज नाका भएर रु एक खर्ब २२ अर्ब २० करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ। डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात भएको हो।

गत आवको आठ महिनाका तुलनामा चालु आवको सोही अवधिमा रु एक अर्ब ६७ करोड बढीको पेट्रोलियम पदार्थ आयात भएको हो। गत आवको आठ महिनामा रु एक खर्ब २० अर्ब ५३ करोडको पेट्रोलियम पदार्थ आयात भएको थियो। वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थको आयात र राजस्व बढेको बताए।

'अहिले पूर्वाधार निर्माणको समय भएकाले पनि पेट्रोलियम पदार्थको आयात बढेको देखिन्छ', उनले भने। कार्यालयका अनुसार, चालु आवको आठ महिनामा सबै खालका पेट्रोलियम पदार्थको आयातबाट रु ५० अर्ब १३ करोड राजस्व संकलन भएको छ। गत आवको सोही अवधिमा रु ४४ अर्ब ८० करोड राजस्व संकलन भएको थियो।

चालु आवको आठ महिनामा रु ६१ अर्ब ४५ करोड बराबरको छ लाख ८५ नौ सय ९१ किलोलिटर डिजेल आयातबाट रु २७ अर्ब ३१ करोड राजस्व संकलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले बताए। यस्तै, चालु आवको आठ महिनामा रु २५ अर्ब ३० करोड मूल्यको दुई लाख ९० हजार तीन सय ८२ किलोलिटर पेट्रोल आयात हुँदा रु १६ अर्ब ४८ करोड राजस्व संकलन भएको छ।

चालु आवको आठ महिनामा रु २४ अर्ब पाँच करोड मूल्य बराबरको २१ करोड ४२ हजार सात सय ८१ किलोग्राम एलपिजी ग्यास आयात भएको छ। यसबाट रु चार अर्ब ५० करोड राजस्व संकलन भएको छ। गत आवको आठ महिनामा भने रु १९ अर्ब ५२ करोडको १८ करोड ६८ लाख १२ हजार एक सय २० किलोग्राम एलपिजी ग्यास आयात भएको थियो।

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको पहल

■ प्रभाव संवाददाता

**काठमाडौं–** गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि पहल थालिएको छ। उक्त विमानस्थललाई सञ्चालनार्थ नेपाल नागरिक उ•यन प्राधिकरण तथा सम्बन्धित निकायसँग समन्वय गर्दै कार्ययोजना निर्माण गरिएको विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले बताए।

'गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि कार्ययोजना तयार पारेर प्राधिकरण र सम्बद्ध सबै निकायमार्फत फहल गरिरहेका छौँ,' उनले भने, 'विमानस्थल सञ्चालनको सुरुआती चरणमा एयरलाइन्सलाई आकर्षित गर्न विभिन्न प्रोत्साहन कार्यक्रम लागु गरिएका थिए।'

महाप्रबन्धक तिवारीका अनुसार यात्रु भाडादर प्रतिस्पर्धी बनाउँदै विमानस्थलको बजार प्रवर्द्धन र गन्तव्य प्रवर्द्धनमा जोड दिइएको छ। साथै, यात्रु सुविधाका लागि श्रम, मेडिकल, तथा भिसा प्रक्रिया सहज बनाउने पहल भइरहेको छ। उनले सबै पक्षबीच बलियो सहकार्य गरी 'समर सेड्युल'लाई निरन्तरता दिने र विमानस्थललाई विश्वसनीय बनाउने दिशामा पहल गर्नुपर्ने आवश्यकता औँल्याए।

सरकारले विमानस्थलको दिगो सञ्चालन सुनिश्चितताका लागि विभिन्न पहलकदमी लिएको छ। श्रम स्वीकृति तथा मेडिकल परीक्षण भैरहवाबाटै गरिने, भिसा सेन्टरको व्यवस्था गरिने, नेपाल नागरिक उ•यन प्राधिकरणले उपयुक्त व्यापार रणनीति लागू गर्नेलगायत मन्त्रिपरिषद्बाट निर्णय भएको थियो। यसैबीच गौतमबुद्ध विमानस्थलको दिगो सञ्चालन सुनिश्चित गर्न यही चैत्र ९ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सरोकारवालासँग छलफल गरेका छन्।

### आरएनपी-एआर प्रणालीको कार्यान्वयन

विगतमा इन्स्ट्रुमेन्ट ल्याण्डिङ सिस्टम(आइएलएस)को अभावमा खराब मौसमका कारण केही उडान स्थगित गर्नुपरेको थियो। उक्त समस्याको समाधानस्वरूप भू-उपग्रहमा आधारित 'रिक्वार्ड नभिगेशन परफर्मेन्स-अथोराइजेशन रिक्वार्ड' (आरएनपी-एआर) अवतरण प्रणालीको प्रस्ताव गरिएको र हाल उक्त प्रणाली कार्यान्वयनमा आइसकेको विमानस्थलले जनाएको छ। अब यस प्रणालीलाई प्रयोग गर्न सक्ने जहाज तथा प्रशिक्षित चालक दल भएको एयरलाइन्सले अवतरण गर्न सहज हुने अपेक्षा गरिएको छ।

विमानस्थलको तथ्यांकअनुसारअनुसार विसं २०८१ कात्तिकदेखि नियमित उडान पुनःसञ्चालनमा आएपछि यात्रु संख्यामा उल्लेखनीय वृद्धि भएको छ। सन् २०२४ मा कुल आठ हजार १५७ यात्रु, भने सन् २०२५ को मार्च २० सम्म मात्र १३ हजार १८१ यात्रुले यो विमानस्थल प्रयोग गरिसकेका छन्। यो संख्याले उडान सुधारको संकेत देखिएको विमानस्थलको विश्वास छ।

## कर्पोरेट

### ग्लोबल आइएमईद्वारा सातै प्रदेशमा विद्यार्थी लक्षित कार्यक्रम




**काठमाडौं (प्रस)**– ग्लोबल आइएमई बैंक लिमिटेडले ग्लोबल मनि विक २०२५को सेरोफेरोमा विद्यार्थी तथा युवा युवतीहरू लक्षित वित्तीय साक्षरता कार्यक्रमहरू सप्ताहव्यापी रूपमा सञ्चालन गरेको छ। बैंकले युवा तथा विद्यार्थी लक्षित वित्तीय साक्षरता सम्बन्धी विभिन्न कार्यक्रमहरू सातवटै प्रदेशहरूमा संचालन गरेको हो।

बैंकले ग्लोबल मनि विक २०२५ को अवसर पारेर देशव्यापी रूपमा आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा ६ हजार भन्दा बढी विद्यार्थी तथा युवा-युवतीहरूको सहभागिता रहेको थियो। यसका साथै, नेपाल राष्ट्र बैंक तथा अन्य संस्थाहरूले आयोजना गरेको कार्यक्रममा समेत ग्लोबल आइएमई बैंकका कर्मचारीहरू वित्तीय सचेतना अभिवृद्धि व्यानर सहित सहभागि भएका थिए।

ग्लोबल आइएमई बैंकले आफ्ना ३५५ वटै शाखाहरूमार्फत वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ्ग प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्य राखेको छ। कार्यक्रममा बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ्ग, बीमा, लगानी, अतिरिक्त बैंकिङ्ग सेवाहरू, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो। साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ। ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५५ शाखा कार्यालय, ३८५ एटिएम, २३७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

### ग्लोबल मनि विकमा मन्जुश्रीको वित्तीय साक्षरता कार्यक्रम




**काठमाडौं (प्रस)**– मन्जुश्री फाइनान्स लिमिटेडले ग्लोबल मनी विकको अवसरमा देशभरि विभिन्न ठाउँमा रहेका आफ्ना २८ शाखा कार्यालयहरू मार्फत करिब १ हजार भन्दा बढी युवा, विद्यार्थी तथा कर्मचारी माझ वित्तीय चेतना अभिवृद्धिका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरेको छ।

हरेक वर्ष मार्च महिनाको दोस्रो सातामा मनाइने ग्लोबल मनी विकमा फाइनान्सले चैत ४ देखि १० गतेसम्म साताव्यापी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको हो। फाइनान्सले विभिन्न स्कुल तथा कलेजका विद्यार्थी, कर्मचारी, गृहिणी कृषक तथा आम जनमानसहरूको सहभागितामा सातै प्रदेशका शाखा कार्यालयहरूबाट देशव्यापी वित्तीय चेतना अभिवृद्धि कार्यक्रम संचालन गरेको छ। अभियान अन्तर्गत फाइनान्सले बैंक तथा बित्तिय संस्थासंग कारोबार गर्दाका फाइदाहरू, डिजिटल बैंकिङ, क्यूआर, स्मार्ट बैंकिङ, पिन तथा पासवर्ड सुरक्षा, ओटिपी, रेमिट्यान्स कारोबार, बचत तथा कर्जाको सदुपयोग सम्बन्धी सचेतना कार्यक्रम संचालन गरेको छ।

साथै फाइनान्सले विभिन्न शाखा कार्यालयहरू मार्फत वित्तीय सचेतनामूलक अन्तरक्रिया कार्यक्रम का साथ साथै प्रभात फेरीको आयोजना गरेको हो। नेपाल राष्ट्र बैंकद्वारा आयोजित प्रभात फेरीमा समेत आफ्ना शाखाहरूलाइ सम्मिलित गराएको साथै सामाजिक संजालबाट चेतनामूलक संदेश समेत प्रसारण गरेको छ।

### ग्लोबल मनी विकमा ज्योति विकासको वित्तीय साक्षरता

**काठमाडौं (प्रस)**– ज्योति विकास बैंकले मिति २०८१ चैत्र ०४ गते देखि १० गते सम्म (सन् २०२५, मार्च १७ देखि मार्च २३ सम्म) मनाइएको ग्लोबल मनी विक अभियान अन्तर्गत विभिन्न स्थानहरूमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ।

ग्लोबल मनी विक २०२५ को मुख्य नारा 'थिंक विफोर यू फलो, वाईज मनी टुमरो' भन्ने विषयवस्तुमा केन्द्रित भई युवावर्गमा एक सप्ताहसम्म बैंकले विभिन्न शाखाहरू मार्फत देशका विभिन्न ठाउँहरूमा वित्तीय साक्षरता र सचेतनाका कार्यक्रमहरू आयोजना गरेको हो। बैंकले डिजिटल माध्यम र सोसल मिडियामार्फत पनि विभिन्न सचेतना तथा अन्य जानकारीमूलक कार्यहरू सञ्चालन गरेको छ। यस अभियानमार्फत करिब १ हजार जना भन्दा बढी व्यक्तिहरू प्रत्यक्षरूपमा लाभान्वित भएका छन्।




उक्त कार्यक्रम अन्तर्गत बैंकका प्रादेशिक तथा क्लस्टर कार्यालयहरू अन्तर्गत रहेका विभिन्न शाखा कार्यालयहरू मार्फत सोही क्षेत्रका विद्यालय तथा कलेजहरूमा आधुनिक बैंकिङ्ग, बैंक तथा वित्तीय संस्थाका मुख्य कार्यहरू, वित्तीय अनुशासन, आवश्यकता तथा चाहनाहरू, वित्तीय लक्ष्य, बचत, लगानी, खर्च, विद्युतीय वित्तीय सेवाहरू, नगद रहित कारोबार, धितोपत्र बजार, विद्युतीय ठगी, इत्ए सम्बन्धी ज्ञान लगायतका विषयहरूलाई समावेश गरी १५ वटा भन्दा बढी तालिम तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको हो। साथै, बैंकले ग्लोबल मनी विक अवधि भर बैंकका सामाजिक सञ्जालहरूमा विभिन्न ब्गामष्य ख्ष्कगबा सामग्रीहरू प्रकाशित गर्ने तथा प्रभात फेरी कार्यक्रमहरू आयोजना गरि विभिन्न वित्तीय सूचनाहरू पनि प्रवाह गरेको छ।

### लुम्बिनी विकास बैंकको वित्तीय साक्षरता




**काठमाडौं (प्रस)**– लुम्बिनी विकास बैंक लिमिटेडले ग्लोबल मनी वीकको अवसरमा आफ्ना बिभिन्न शाखा कार्यालयहरू मार्फत वित्तीय साक्षरता कार्यक्रमको आयोजना गरेको छ। सन् २०१२ देखि ओपेडको संयोजनमा मनाउन शुरु गरिएको ग्लोबल मनी विकको तेह्रौं संस्करण यही चैत्र ४ देखि १० गतेसम्म आयोजना भएको थियो र उक्त साताब्यापी कार्यक्रम मार्फत बैंकले करिब एक हजार युवा विधार्थीहरूलाई बैंकिङका बिभिन्न पक्षहरूका बारेमा जानकारी प्रदान गरेको थियो।

बैंकका कर्मचारीहरूल 'थिंक विफोर यू फलो, वाईज मनी टुमरो' भन्ने नाराका साथ नेपाल राष्ट्र बैंकका प्रादेशिक कार्यालयहरू तथा स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाहरूको संयुक्त रूपमा आयोजना गरेका वित्तीय सचेतनामुलक प्रभातफेरी कार्यक्रमहरूमा समेत सहभागिता जनाएका थिए।

देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको बिभिन्न स्थानहरूमा गरी ८९ वटा शाखा कार्यालयहरू तथा एक विस्तारित शाखा (एक्सटेन्सन काउण्टर) रहेको छ।

### सिन्धु विकासको आयोजनामा वित्तीय साक्षरता कार्यक्रम




**काठमाडौं (प्रस)**– सिन्धु विकास बैंक लिमिटेडको वार्षिक कार्ययोजना तथा ग्लोबल मनि विक-२०२५ कार्यक्रमअन्तर्गत शाखा कार्यालय बनेपा तथा शाखा कार्यालय नारायणगढको आयोजनामा मिति २०८१ चैत्र महिना १० गते बनेपा काभ्रेमा अवस्थित संकल्प क्याम्पस तथा भरतपुर लायन्सचोक अवस्थित बालकुमारी कलेजमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरिएको छ।

ंकल्प क्याम्पसका स्नातक तहका जम्मा ६५ जना विद्यार्थीको उपस्थिति रहेको थियो भने श्री बालकुमारी कलेजका कक्षा ११ तथा १२ गरी ७० जना विद्यार्थीको उपस्थिति रहेको थियो। बैंकका तर्फबाट बचत, कर्जा, लगानी, खर्च, बजेट, वित्तीय सेवा लगायत डिजिटल बैंकिङ प्रणालीको उपयोग, चुनौती तथा सुरक्षा जस्ता विषयवस्तुहरूको बारेमा विद्यार्थीहरूलाई जानकारी गराइएको थियो।

सिन्धु विकास बैंक लिमिटेड नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजतपत्र प्राप्त क्षेत्रीय विकास बैंक हो। काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, चितवन तथा मकवानपुर गरी जम्मा पाँच जिल्लाको कार्यक्षेत्र स्वीकृति रहेको यस बैंकको जम्मा २६ वटा शाखाहरू सञ्चालनमा रहेका छन्।

## वीरगञ्ज उद्योग वाणिज्य संघको अध्यक्षमा गौतम




**वीरगञ्ज (पर्सा) (प्रस)**– वीरगञ्ज उद्योग वाणिज्य संघको अध्यक्षमा हरि गौतम निर्विरोध निर्वाचित भएका छन्।

संघको ४९औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा माधव राजपाल, द्वितीय उपाध्यक्षमा मनोज दास, महासचिवमा शिवजीप्रसाद कलवार, कोषाध्यक्षमा अनोज रुंगटा, सचिवमा प्रेमचन्द्र गोयल, सुशान्त चाचान, सहकोषाध्यक्षमा निरज अग्रवाल र सहसचिवमा नरेश टिवडेवाल निर्विरोध निर्वाचित भएका छन्।

यस्तै सहसचिवमा अनुप अग्रवाल निर्वाचनबाट निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत बालमुकुन्द खरेलले जानकारी दिए। पदाधिकारीमध्ये सहसचिव पदका लागि मात्र मतदान भएको थियो। संघको विधानअनुसार १२ जना पदाधिकारी रहने व्यवस्था छ।

## २६ अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)**– गतसातादेखि निरन्तर ओरालो लागिरहेको पुँजीबजार सोमबार थामिएर हरियो देखिएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २६ दशमलव १० अंकले बढेर दुई हजार छ सय ४० दशमलव ७८ को बिन्दुमा कायम भएको हो। विभिन्न ३२६ कम्पनीका ९७ लाख ३९ हजार सात सय ३८ कित्ता सेयर ५८ हजार २३५ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ४८ करोड ३५ लाख ९९ हजार बराबरको कारोबार भएको छ।

कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ। सबैभन्दा धेरै वित्त समूह तीन दशमलव ५२ प्रतिशतले बढेको छ। त्यस्तै, बैंकिङ शून्य दशमलव ७१, विकास बैंक शून्य दशमलव ७१, होटल तथा पर्यटन एक दशमलव ०३, जलविद्युत् शून्य दशमलव ९५, लगानी शून्य दशमलव ८३, जीवन बीमा एक दशमलव ४६ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ७८ प्रतिशतले बढेको छ। त्यस्तै, लघुवित्त शून्य दशमलव ७९, म्युचुअल फन्ड शून्य दशमलव ४४, निर्जीवन बीमा शून्य दशमलव ६५, व्यापार एक दशमलव ०६ र अन्य समूह एक दशमलव ५० प्रतिशतले बढेको छ।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्सको सेयरमूल्य सबैभन्दा धेरै नौ दशमलव ५१ प्रतिशतले बढ्को छ। सबैभन्दा धेरै घट्नेमा भने अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य चार दशमलव २६ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रि-इन्स्योरेन्स लिमिटेडको रू ३२ करोड ६९ लाख ७७ हजार ५७८ बराबरको सेयर किनबेच भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सानिमा ग्रोथ फन्डको सात लाख १० हजार कित्ता सेयर किनबेच भएको छ।

व्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,
- नियमित शारिरीक परिश्रम गरौं,
- दैनिक रूपमा निद्रा पुग्ने गरी सुतौं,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ